# घर/जग्गा खरिदको लागि सिलबन्दी बोलपत्र प्रस्ताव आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७८/१२/०१**

यस कम्पनीको केन्द्रिय कार्यालयको लागि तपसिलमा उल्लेखित क्षेत्र मध्ये कुनै एक स्थानमा जग्गा वा घरजग्गा खरिद गर्नुपर्ने भएकोले निम्न उल्लेखित शर्तहरुको अधिनमा रही आवश्यक कागजातहरु संलग्न गरी सिलबन्दी बोलपत्र पेश गर्नुहुन उल्लेखित क्षेत्रका घर/जग्गा बिक्री गर्न इच्छुक घरजग्गाधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिन भित्रमा तल उल्लेखित विवरण सहितको सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।

## तपसिल

**घर/जग्गा खरिदको लागि प्रस्तावित स्थान तथा क्षेत्रहरु:**

| जिल्ला | आवश्यक क्षेत्रफल (जग्गा) | प्रस्तावित स्थान |
|---|---|---|
| काठमाण्डौ तथा ललितपुर | न्यूनतम २५ आना देखि अधिकतम ४८ आना सम्म । | नयाँबजार, लाजिम्पाट, उत्तरढोका, नागपोखरी, कमलपोखरी, नक्साल, गैह्रिधारा, हातिसार, बालुवाटार, विशालनगर, भाटभटेनी, महाराजगञ्ज, चाबहिल, गौशाला, बत्तिसपुतली, डिल्लीबजार, ज्ञानेश्वर, नयाँ बानेश्वर, तिनकुने, सोल्टीमोड, कालिमाटी, बल्खु, माइतीघर, थापाथली, चाकुपाट, कुपण्डोल, पुल्चोक, जावलाखेल, कुमारीपाटी, सानेपा, बखुण्डोल, सातदोबाटो, बालकुमारी तथा उल्लेखित स्थानको १ कि.मि. वरपरका क्षेत्रहरु । |

**शर्तहरु:**

१. बिक्री गरिने घर/जग्गाको विस्तृत विवरण (जिल्ला, म.न.पा., वडा नं., स्थान, कित्ता नं. जग्गाको क्षेत्रफल, घर निर्माण भएको भएमा निर्मित घरको क्षेत्रफल, घर निर्माण शुरु भएको र सम्पन्न भएको मिति इत्यादि) उल्लेख गरी सो जग्गा संग सम्बन्धीत कागजातहरु (लालपुर्जा, जग्गाधनीको नागरिकता, चालु आ.व. को मालपोत तथा सम्पती कर तिरेको रसिद, ब्लुप्रिन्ट नक्शा, चार किल्ला प्रमाणपत्र, घरबाटो प्रमाणित सिफारिस पत्र, घर निर्माण स्वीकृती पत्र, घरको स्वीकृत नक्शा, निर्माण सम्पन्न प्रमाणपत्र इत्यादी) को प्रतिलिपी धनी स्वयंले प्रमाणित गरी संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. बिक्री गरिने घर/जग्गाको स्वामित्व संस्थाको नाममा रहेको भएमा घर/जग्गा बिक्री गर्ने तथा मुल्य प्रस्ताव गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, घर/जग्गा बिक्री सम्बन्धी लिखतहरुमा तथा प्रस्ताव पत्रमा हस्ताक्षर गर्ने अख्तियार प्राप्त व्यक्तिको नाम तथा पद, अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायि लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.व. ०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत धनी स्वयंले प्रमाणित गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

३. जग्गाको प्रति आना मुल्य, घर निर्माण भएको भएमा घरको मुल्य र घर/जग्गाको कुल बिक्री मुल्य समेत अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेख गरेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाइ मान्यता दिइनेछ ।

४. घर/जग्गा सम्म सजिलै पुग्न सकिने गरि घर/जग्गा नजिकै रहेको प्रचलित चोक तथा अन्य प्रख्यात संकेत उल्लेख गरी Location Map बनाइ प्रस्तावसाथ पेश गर्नु पर्नेछ ।

५. जग्गाको चार किल्ला छुट्टीने गरि बाउण्ड्री वाल लगाईएको, साँध सिमाना स्पष्ट भएको र संधियारहरु संग कुनै विवाद नभएको हुनु पर्नेछ ।

६. जग्गाको नक्शा तथा फिल्डमा कम्तीमा ६ मिटरको पक्की सडकको पहुँच भएको हुनुपर्नेछ । साथै खोलानाला, खहरे, हाईटेन्सन लाइन, सडक विभाग तथा नगरपालिकाको मापदण्ड अनुरुप सडक विस्तार, एयरपोर्ट, मठ मन्दिर मस्जिद गुम्बा तथा अन्य सार्वजनिक निकायले भविष्यमा अधिग्रहण गर्न सक्ने सम्भावना नभएका जग्गा हुनु पर्नेछ ।

७. बिक्री गरिने घर/जग्गामा मोहीको हक हिस्सा नभएको, कानूनी विवाद नभएको, गुठी स्वामित्व नभएको, रैकर तथा नीजि हकभोगमा रहेको, कुनै कानूनी झमेला नभएको, विवाद रहित, बिक्री पश्चात खरिदकर्ताले तुरुन्तै हकभोग गर्न सक्ने किसिमको घर/जग्गा भएको व्यहोरा उल्लेख गरी धनी स्वयंले स्व: घोषणा गरी प्रस्ताव साथ संलग्न गर्नुपर्नेछ ।

८. बिक्री गरिने घर/जग्गा कुनै बैंक तथा वितीय संस्थामा धितो स्वरुप रोक्का रहेको भए सो को विवरण उल्लेख गरी घर/जग्गा बिक्री गर्नुभन्दा पहिले धनी स्वयंले धितो फुकुवा गर्ने प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

९. सिलबन्दी बोलपत्रको प्रस्ताव आवश्यक कागजातहरु संलग्न गरी खामको बाहिरी भागमा "ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेको लागि घर/जग्गा बिक्री सम्बन्धी प्रस्ताव" लेखी लाहाछाप लगाईएको सिलबन्दी खाम मिति २०७९/०१/०५ गते बेलुकी ५:३० बजे भित्र केन्द्रिय कार्यालय ज्ञानेश्वरमा पेश गर्नु पर्नेछ र तोकिएको म्याद भित्र प्राप्त भएका सिलबन्दी बोलपत्र प्रस्तावहरु मिति २०७९/०१/०८ गते दिउसो ३:०० बजे सोही कार्यालयमा खोलिने छ । प्रस्ताव पेश गर्ने सम्बन्धीत संस्था वा व्यक्तिको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

१०. कुनै पनि सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, घर/जग्गा खरिद सम्बन्धी बोलपत्र प्रस्तावहरु रद्द गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहीत रहनेछ र सो सम्बन्धमा कम्पनीको निर्णय नै अन्तिम हुनेछ ।


**ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ
फोन नं. : ०१-४५४५९४१/४२
वेबसाईट : www.jyotilife.com
ई-मेल: info@jyotilife.com


JyotiLife
सधैं तपाईंको साथ